आज मिति २०८१ साल भाद्र २७ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री कृष्ण प्रसाद कोइरालाज्यूको अध्यक्षतामा बसेको आ.व २०८१/८२ को दोश्रो बैठकमा तपशिल अनुसारको उपस्थिती रह्यो ।

तपशिल

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कृष्ण प्रसाद कोइराला | नगर प्रमुख | |
| २ | भवानी के.सी | उप प्रमुख | |
| ३ | कर्न बहादुर गुरुङ | अध्यक्ष वडा नं १ | |
| ४ | नविन कुमार श्रेष्ठ | अध्यक्ष वडा नं २ | |
| ५ | अमृत न्यौपाने | अध्यक्ष वडा नं ३ | |
| ६ | कृष्ण प्रसाद अधिकारी | अध्यक्ष वडा नं ४ | |
| ७ | श्रीकाजी गुरुङ | अध्यक्ष वडा नं ५ | |
| ८ | दिनेश बाबु कोइराला | अध्यक्ष वडा नं ६ | |
| ९ | जय राम रेग्मी | अध्यक्ष वडा नं ७ | |
| १० | विजेन्द्र थापा | अध्यक्ष वडा नं ८ | |
| ११ | मनराज गुरुङ | अध्यक्ष वडा नं ९ | |
| १२ | दिपक राज ढकाल | अध्यक्ष वडा नं १० | |
| १३ | ओम बहादुर दुरा | अध्यक्ष वडा नं ११ | |
| १४ | राधा मल्ल | कार्यपालिका सदस्य | |
| १५ | इन्दु अधिकारी | कार्यपालिका सदस्य | |
| १६ | भगवती देवी वि.क | कार्यपालिका सदस्य | |
| १७ | राधिका अधिकारी (भट्टराई) | कार्यपालिका सदस्य | |
| १८ | सुकमाया गुरुङ | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण बहादुर दुरा | कार्यपालिका सदस्य | |
| २० | राजेन्द्र वि.क | कार्यपालिका सदस्य | |
| २१ | विल बहादुर घर्ती | कार्यपालिका सदस्य | |
| २२ | शिशिर पौडेल | सदस्य सचिव | |

अन्य उपस्थितिः

| | | | |
|---|---|---|---|
| १ | ठाकुर श्री तिवारी | उपसचिव | |
| २ | विवेक कुमार पण्डित | प्रशासकीय अधिकृत | |
| ३ | सुजन मिश्र | सू. प्र. अ. | |
| ४ | | | |

**नगर-कार्यपालिकाको मिति २०८१/५/२७ गतेको आ.व २०८१/८२ को दोश्रो बैठकका निर्णयहरु :**

**निर्णय नं १**

सुन्दरबजार नगरकार्यपालिकाको मिति २०८१/०४/२५ गते बसेको आ.व २०८१/८२ को पहिलो बैठकको निर्णयहरुको समीक्षा गरियो । उक्त बैठकमा ३१ वटा निर्णयहरु भएकोमा निर्णयहरु कार्यान्वयनको क्रममा रहेको पाईयो ।

**निर्णय नं २**

सुन्दरबजार सहलगानी खानेपानी तथा सरसफाई आयोजनाले कुल वजेटको व्यहोर्नु पर्ने २० प्रतिशत रकम मध्ये हाललाई १० प्रतिशतले हुन आउने रु ३ करोड ९५ लाख ३० हजार ३ सय २७ रुपैंया नगर विकास कोष सँग ऋण लिनका लागि धन जमानीको माग भए बमोजिम धनजमानी बस्ने निर्णय गरियो ।

**निर्णय नं ३**

सु.न.पा. वडा नं ३ मा संचालित चन्द्रेश्वर प्राथमिक स्वास्थ्य केन्द्रलाई स्तरोन्नती गरी १५ शैयाको चन्द्रेश्वर आधारभुत अस्पताल बनाउने नेपाल सरकारको निर्णय बमोजिम मन्त्रालयबाट स्वीकृत DPR अनुसार अनलाईन ठेक्का प्रक्रियाबाट छनौट भई DRAGON/BEACON JV, Kathmandu कम्पनीसँग मिति २०७८/०८/२२ गते रु १० करोड ५७ लाख ६६ हजार ९ सय ७९ रुपैंया ४८ पैसामा सम्झौता भई निर्माणको क्रममा रहेकोमा सो कम्पनीको मिति २०८१ भाद्र ४ गते ठेक्का सम्झौता म्याद थपका लागि निवेदन पेश गरेकोमा सो कम्पनी सँग कार्य सम्पन्न गर्ने स्पष्ट कार्यतालिका माग गरि अन्तिम पटकका लागि ११ महिना सम्झौता अवधि थप गर्ने साथै कार्यतालिका अनुसार सन्तोषजनक काम नगरेमा सम्झौता रद्ध गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

विधायन समितिबाट पेश भएका तपशिल अनुसारका कार्यविधि उपर दफावार छलफल गरी सर्वसम्मत पारित गरियो ।

क.उपभोक्ता समिति गठन तथा व्यवस्थापन कार्यविधि २०७५ संसोधन
ख.लागत सहभागिता योजना संचालन कार्यविधि, २०८१
ग.सुन्दरवजार नगरपालिकाको कार्यक्रम सञ्चालन निर्देशिका, २०८१

**निर्णय नं ५**

सुन्दरबजार कृषि हाटवजार संचालनका स्थलमा ढलान र विद्युतिकरण कार्य बापत प्राविधिक लागत अनुमान/मूल्याङ्कन बमोजिम रकम विविध पूँजीगत शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ६**

यस सुन्दरबजार नगरपालिकामा साविक अनौपचारिक शिक्षा केन्द्र, सानोठिमीबाट अनुमति प्राप्त ३ वटा सामुदायिक सिकाइ केन्द्रहरु साविक जिल्ला शिक्षा कार्यालय, लमजुङबाट हस्तान्तरण भई आएका र स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सुन्दरबजार नगरपालिकाको शिक्षा ऐन (संशोधन सहित) २०७५ तथा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ बमोजिम यस नगरपालिकाबाट अनुमति प्राप्त भोटेओडार सामुदायिक सिकाइ केन्द्र, सुनपा-९ गरी ४ वटा सामुदायिक सिकाइ केन्द्र सञ्चालन भइरहेको साथै हालसम्म हस्तान्तरण भई आएका ३ वटा सामुदायिक सिकाइ केन्द्रले संघीय सरकारबाट हस्तान्तरण भई आएको सशर्त अनुदानबाट अनुदान पाउँदै आएकोमा यसै आर्थिक वर्ष २०८१/८२ मा १ कोटा थप भई ४ वटा सामुदायिक सिकाइ केन्द्रका लागि अनुदान प्राप्त हुन आएकाले यसै आर्थिक वर्षदेखि भोटेओडार सामुदायिक सिकाइ केन्द्र, सुनपा-९ लाई नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ बमोजिम अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ७**

सुन्दरबजार नगरपालिका क्षेत्र भित्र संचालित सहकारी संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन उपर दफावार छलफल गरी सर्वसम्मत पारित गरियो ।

**निर्णय नं ८**

प्रदेश खेलकुद परिषद, गण्डकी प्रदेश पोखराको च.नं ९८ मिति २०८१/०५/०७ गतेको पत्र अनुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोता-२०८० मा एथलेटिक्स खेलमा स्वर्ण पदक प्राप्त गर्ने विद्याज्योती मा.वि सुन्दरबजार, लमजुङमा अध्ययनरत श्री गणेश वि.क.लाई प्रोत्साहन स्वरुप रु १५ हजार र जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोता-२०८० मा एथलेटिक्स खेलमा सहभागी भएवापत अनिता भण्डारीलाई प्रोत्साहन स्वरुप १० हजार आर्थिक सहयोग सहित सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

सुन्दरबजार टेम्पो अटो रिक्सा संचालन कार्यबिधि-२०७८ संशोधनका लागी सैद्धान्तिक स्वीकृती तथा तपसिल अनुसार समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

संयोजक : ऋषिराम पौडेल

सदस्य : विकास सेढाई

सदस्य सचिव : नबिन अधिकारी

**निर्णय नं १०**

यस नगरपालिकाका सम्पूर्ण वडा कार्यालयहरुबाट तपसिल अनुसार आयुर्वेद औषधालयबाट प्रदान गरिने आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी परामर्श तथा उपचार सेवा प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं | वडा नं | आयुर्वेद औषधालय | कैफियत |
|---|---|---|---|
| १ | मंगलबार | सिन्द्रे आयुर्वेद औषधालय | |
| २ | बुधबार | भोटेवडार आयुर्वेद औषधालय | |
| ३ | बुधबार | सिन्द्रे आयुर्वेद औषधालय | |
| ४ | विहीबार | सिन्द्रे आयुर्वेद औषधालय | |
| ५ | सोमबार | भोटेवडार आयुर्वेद औषधालय | |
| ६ | मंगलबार | भोटेवडार आयुर्वेद औषधालय | |
| ७ | विहीबार | भोटेवडार आयुर्वेद औषधालय | |
| ८ | शुक्रबार | भोटेवडार आयुर्वेद औषधालय | |
| ९ | आईतबार | भोटेवडार आयुर्वेद औषधालय | |
| १० | सोमबार | सिन्दुरे आयुर्वेद औषधालय | |
| ११ | आइतबार, शुक्रबार | सिन्दुरे आयुर्वेद औषधालय | |

**निर्णय नं ११**

आर्थिक वर्ष २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तरगत तपसिल बमोजिमका योजनाहरु योजना वैंकमा थप गर्ने निर्णय गरियो ।

**तपसिल**

१. बालबालिका प्रारम्भिक शिक्षा अभियान, वडा नं. ४

२. वडा भित्रका नाला र सडक मर्मत योजना, वडा नं. २

**निर्णय नं १२**

यस नगरपालिका वडा नं ५, खहरे स्थित श्री विद्याज्योती मा.वि. को कम्पाउण्डमा अविरल वर्षाको कारणले पुऱ्याएको क्षति न्यूनिकरणका लागि आवश्यक वजेट व्यवस्थापन गरिदिन श्री सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरालाई सिफारिस गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं ७

सुन्दरबजार नगरपालिका क्षेत्र भित्र संचालित सहकारी संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन उपर दफावार छलफल गरी सर्वसम्मत पारित गरियो ।

निर्णय नं ८

प्रदेश खेलकुद परिषद, गण्डकी प्रदेश पोखराको च.नं ९८ मिति २०८१/०५/०७ गतेको पत्र अनुसार राष्ट्रपति रनिङ शिल्ड प्रतियोता-२०८० मा एथलेटिक्स खेलमा स्वर्ण पदक प्राप्त गर्ने विद्याज्योती मा.वि सुन्दरबजार, लमजुङमा अध्ययनरत श्री गणेश वि.क.लाई प्रोत्साहन स्वरुप रु १५ हजार र जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोता-२०८० मा एथलेटिक्स खेलमा सहभागी भएवापत अनिता भण्डारीलाई प्रोत्साहन स्वरुप १० हजार आर्थिक सहयोग सहित सम्मान गर्ने निर्णय गरियो ।

निर्णय नं ९

सुन्दरबजार टेम्पो अटो रिक्सा संचालन कार्यबिधि-२०७८ संशोधनका लागी सैद्धान्तिक स्वीकृती तथा तपसिल अनुसार समिति गठन गर्ने निर्णय गरियो ।

तपशिल

संयोजक : ऋषिराम पौडेल

सदस्य : विकास सेढाई

सदस्य सचिव : नबिन अधिकारी

निर्णय नं १०

यस नगरपालिकाका सम्पूर्ण वडा कार्यालयहरुबाट तपसिल अनुसार आयुर्वेद औषधालयबाट प्रदान गरिने आयुर्वेद तथा वैकल्पिक चिकित्सा सम्बन्धी परामर्श तथा उपचार सेवा प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं | वडा नं | आयुर्वेद औषधालय | कैफियत |
|---|---|---|---|
| १ | मंगलबार | सिन्दुरे आयुर्वेद औषधालय | |
| २ | बुधबार | भोटेवडार आयुर्वेद औषधालय | |
| ३ | बुधबार | सिन्दुरे आयुर्वेद औषधालय | |
| ४ | विहीबार | सिन्दुरे आयुर्वेद औषधालय | |
| ५ | सोमबार | भोटेवडार आयुर्वेद औषधालय | |
| ६ | मंगलबार | भोटेवडार आयुर्वेद औषधालय | |
| ७ | विहीबार | भोटेवडार आयुर्वेद औषधालय | |
| ८ | शुक्रबार | भोटेवडार आयुर्वेद औषधालय | |
| ९ | आइतबार | भोटेवडार आयुर्वेद औषधालय | |
| १० | सोमबार | सिन्दुरे आयुर्वेद औषधालय | |
| ११ | आइतबार, शुक्रबार | सिन्दुरे आयुर्वेद औषधालय | |

निर्णय नं ११

आर्थिक वर्ष २०८१/०८२ का लागि प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तरगत तपसिल बमोजिमका योजनाहरु योजना बैंकमा थप गर्ने निर्णय गरियो ।

तपसिल

१. बालबालिका प्रारम्भिक शिक्षा अभियान, वडा नं. ४

२. वडा भित्रका नाला र सडक मर्मत योजना, वडा नं. २

निर्णय नं १२

यस नगरपालिका वडा नं ५, खहरे स्थित श्री विद्याज्योती मा.वि. को कम्पाउण्डमा अविरल वर्षाको कारणले पुऱ्याएको क्षति न्यूनिकरणका लागि आवश्यक बजेट व्यवस्थापन गरिदिन श्री सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेश, पोखरालाई सिफारिस गर्ने निर्णय गरियो ।

CamScanner